# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ७) नौथर, लमजुङ २०८० साल पौष २६ गते (संख्या ११)


## भाग-२

## हलुका सवारी साधन (तिन पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८०

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/२५)

दोर्दी गाउँपालिका बजार क्षेत्र, बस्ती क्षेत्र, अस्पताल, स्वास्थ्य संस्था तथा गाँउपालिकाका अन्य विभिन्न स्थानहरुमा आवतजावत गर्न ठूला सवारी साधनको अभाव एवं उपलब्ध निजी तथा भाडाका अन्य सावरी साधनहरु प्रयोग गर्दा अति महँगो पर्न गई सर्वसाधरण मर्कामा परिरहेकाले सस्तो, सुलभ सवारी साधनहरु ट्याम्पु, म्याजिक ट्याम्पु, रिक्सा, अटो रिक्सा, इ-रिक्सा, ट्याक्सी आदि सञ्चालन गर्नुपर्ने महसुश भएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) तथा दफा ६४ को १ (क) अनुसार यातायात सुरक्षाको व्यवस्थापन र नियमनका लागि साना सार्वजनिक सवारी साधन सञ्चालनको अनुमति दिने, रुट कायम गर्ने तथा भाडा दर निर्धारण गर्ने सम्बन्धी कार्य स्थानीय तहले गर्ने गरी व्यवस्था गरेकोमा उक्त अधिकारको प्रयोग गरी निर्देशिका स्वीकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी दोर्दी गाउँपालिकाले यो निर्देशिका तयार पारेको हो ।

### परिच्छेद १

१. यो निर्देशिकाको नाम "दोर्दी गाउँपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८०" हुनेछ ।

२. यो निर्देशिका कार्यपालिकाको बैठकबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "निर्देशिका" भन्नाले "दोर्दी गाउँपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८०" सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले दोर्दी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यालय प्रमुख" भन्नाले यस गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "सवारी धनी" भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा कम्पनी सम्झनु पर्दछ ।

ङ) "सवारी साधन" भन्नाले प्रचलित ऐन, नियम बमोजिम रुट इजाजत पत्र प्राप्त ट्याम्पु, म्याजिक ट्याम्पु, रिक्सा, अटो रिक्सा, ई-रिक्सा, ट्याक्सी आदि सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले निर्देशिकाको दफा ७ बमोजिम गठित रुट इजाजत तथा भाडादर निर्धारण समिति सम्झनु पर्दछ ।

छ) "अध्यक्ष" भन्नाले दोर्दी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ज) "शहरी सडक" भन्नाले यस दोर्दी गाउँपालिकाबाट बनाइएको, विस्तार गरिएको तथा गाँउपालिकालाई मर्मत संभार गर्न प्रदेश तथा संघबाट हस्तान्तरण भै आएका सडक सम्झनु पर्दछ ।

झ) "रुट इजाजत पत्र" भन्नाले निर्देशिकाको दफा ११ बमोजिमको इजाजत-पत्र सम्झनु पर्दछ ।

ञ) "भाडादर" भन्नाले समितिले तोकेको भाडादर सम्झनु पर्दछ ।

## परिच्छेद २

**४. अनुमति बिना सञ्चालन गर्न नपाइने:**

१) यस कार्यपालिका क्षेत्रमा यो निर्देशिका बमोजिम अनुमति पत्र नलिई हल्का सवारी साधन सञ्चालन गर्न पाइने छैन । यस कार्यपालिकामा सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यलय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

२) निवेदन प्राप्त भए पश्चात आवश्यक कारबाहीको लागि सम्बन्धित शाखामा जाँचबुझको लागि पठाइनेछ।

**५. आवश्यक कागजात पेश गर्नुपर्ने :**

सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिंदा निम्नानुसारका कागजात संलग्न गर्नुपर्ने छ ।

क) सवारी साधन धनी व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

ख) सवारी साधन धनी कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता र नवीकरणको प्रमाण पत्रहरु ।

ग) सवारी साधन दर्ता प्रमाण (बिल बुक) ।

घ) सवारी चालकको नियुक्ति (लाइसेन्स सहित) ।

ङ) तेस्रो पक्ष बीमा, यात्रु बीमा गरेको प्रमाण ।

छ) यस स्थानीय तहमा सूचीकृत भएको यातायात कम्पनीसँग आबद्ध भएको पत्र । (स्वेच्छिक)

**६. इजाजत पत्र दिन सकिने :**

नियम अनुसार आवश्यक कागजात सहित पेश भएको निवेदन उपर छानबीन गरी समितिले यातायातको वर्तमान अवस्था, सवारी साधनको आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषयमा ध्यान दिई रुट इजाजत प्रदान गर्ने विषयमा निर्णय गर्नेछ । समितिको निर्णय बमोजिम कार्यालय प्रमुखले इजाजत-पत्र उपलब्ध गराउनेछ ।

**७. रुट इजाजत तथा भाडादर निर्धारण समिति :**

रुट इजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिस गर्न देहाय बमोजिमको समिति हुनेछ ।

| | | |
|---|---|---|
| १. | गाँउपालिकाको उपाध्यक्ष | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ३. | पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ४. | कार्यपालिकाका सदस्य मध्ये अध्यक्षबाट मनोनित १ जना | सदस्य |
| ५. | ईजाजत प्राप्त यातायात व्यवसायी मध्ये समितिले मनोनित गरेको एक जना | सदस्य |
| ६. | नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गको स्थानीय ट्राफिक कार्यालयको प्रमुख वा प्रतिनिधि १ जना । | सदस्य |
| ७. | स्थानीय प्रहरि चौकी प्रमुख | सदस्य |
| ८. | सम्बन्धित शाखाको कर्मचारी एक जना | सदस्य सचिव |

समितिले आवश्यक ठानेमा संघीय, प्रादेशिक,तथा स्थानीय कार्यालयका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**८. रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकार :**

रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पूरा गरी आएका सवारी साधन सञ्चालन अनुमति माग निवेदनलाई दफा ६ बमोजिम रुट निर्धारण गर्ने तथा रुट इजाजत दिने सम्बन्धमा निर्णय गर्ने ।

ख) प्रचलित ऐन, कानून प्रतिकूल नहुने गरी स्थानीय सडकहरुको भाडादर निधारण गर्ने ।

ग) गाउँ कार्यपालिकाले तोकिदिएका अन्य कार्य गर्ने ।

**९.** सवारी धनीले समितिबाट स्वीकृत भाडादर सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

**१०.** रुट इजाजत तथा भाडादर निर्धारण समितिबाट निर्णय भई अनुमति प्राप्त सवारी साधनको सम्पूर्ण कागजात सहितको अभिलेख जिम्मेवारी तोकिएको शाखाले व्यवस्थापन गर्नेछ ।

**११.** दफा १० बमोजिम प्राप्त भए पछि प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूची २ बमोजिम सवारी रुट इजाजत पत्र उपलब्ध गराइनेछ ।

**१२) सवारी धनीले पालना गर्नुपर्ने कुराहरु**

सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरिसकेपछि निम्न काम कर्तव्यहरु पुरा गर्नु पर्नेछ ।

१. निवेदन साथ तोकिए बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।
२. तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु पर्नेछ ।
३. सवारी चालक तथा सहचालकलाई यात्रुहरुसँग सरल र नम्र व्यवहार गर्नुपर्ने र गर्न लगाउनु पर्नेछ ।
४. तोकिएको रुटमा मात्र सवारी चलाउनु पर्नेछ ।
५. गाँउपालिकाबाट तोकिएको दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।
६. सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बीमा गराउनु पर्नेछ ।
७. इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।
८. सवारीसाधनबाट उत्पादन हुने फोहोर वस्तुहरु सार्वजनिक स्थानमा फाल्न पाइने छैन ।
९. सवारी साधन सञ्चालन गर्दा चालकको सवारी चालक अनुमति-पत्र अनिवार्य हुनु पर्नेछ ।

**१३. इजाजत पत्रको खारेजी :**

दफा १६ को उपदफा ३ बमोजिम सवारी धनी तथा सवारी चालकले यस निर्देशिका विपरित कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धि कानून उल्लंघन गरेमासमितिको निर्णय बमोजिम खारेज गर्न प्राप्त भएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्नेछ । र सोको अभिलेख अधावधिक गर्न लगाउनेछ । खारेजीको निर्णय गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

## १४. कम्पनी सूचीकृत हुनुपर्ने :

१) नियमानुसार दर्ता भएको यातायात कम्पनीले आवश्यक कागजात पेश गरी कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

२) पेश गर्नुपर्ने कागजात :

१. कम्पनी दर्ता प्रमाणपत्र
२. कम्पनी प्रबन्धपत्र
३. विनियमावली
४. स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाणपत्र
५. कर चुक्ता प्रमाणपत्र
६. लेखा परीक्षण प्रमाणपत्र

## परिच्छेद ३

**१५. रुट इजाजत तथा नवीकरण दस्तुर**

क) वार्षिक सवारी रुट इजाजत दस्तुर प्रति सवारी साधन देहाय बमोजिम हुनेछ । हरेक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ । नवीकरण दस्तुर गाँउपालिकाको आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ । नवीकरण प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र गर्नु पर्नेछ ।

**रुट इजाजत दस्तुर :**

| | |
|---|---|
| क) रिक्सा | : ५००।- |
| ख) ई-रिक्सा | : १०००।- |
| ग) अटो रिक्सा | : १०००।- |
| घ) ट्याम्पु | : ३०००।- |
| ङ) म्याजिक ट्याम्पु (साना चार पांग्रे) | : ५०००।- |
| च) ट्याक्सी | : ६०००।- |
| ५) यातायात ब्यवसायी समिति | : ७०००।- |

**१६.दण्ड सजाय :** १) कुनै सवारी साधनले निर्देशिका उल्लंघन गरेमा कार्यालय प्रमुखले पहिलो पटक रु.१०००।- (एक हजार), दोश्रो पटक रु.२०००।- (दुई हजार) र तेश्रो पटक रु. ५०००।- (पाँच हजार) जरिवाना गर्नेछ ।

२) यस निर्देशिका बमोजिम रुट अनुमति नलिई सवारी साधन सञ्चालन गरेमा कार्यालय अध्यक्षले रु. १०,०००।- (दश हजार) सम्म जरिवाना गर्न सक्नेछ । प्रचलित कानूनमा अन्य सजायको व्यवस्था भएमा सो समेत हुनेछ ।

३) समितिले तीन पटक भन्दा बढी निर्देशिका उल्लंघन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्न सक्नेछ।

**१७)** सेवाग्राहीबाट तोकिए बमोजिमको भाडादर भन्दा बढी लिएमा सेवाग्राहीले कार्यालय प्रमुख समक्ष उजुरी गर्न सक्नेछ । उजुरी पश्चात अवश्यक छानविन गर्दा बढी भाडा लिएको ठहर भएमा कार्यालय प्रमुखले दफा १६ को उपदफा (१) बमोजिम जरिवाना गर्नेछ ।

# अनुसूची १

मिति : ....................

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**दोर्दी गाउँपालिकाको कार्यालय,**

**नौथर, लमजुङ ।**

**विषयः सवारी रुट अनुमति पाउँ ।**

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको र यस गाँउपालिकामा सूचीकृत ............................................ यातायात कम्पनीमा आवद्ध रहेको ट्याम्पु/म्याजिक ट्याम्पु/रिक्सा/इ-रिक्सा/अटो रिक्सा निम्न रुटमा सञ्चालन गर्न अनुमतिको लागि यो निवेदन पेश गरेको छु/छौं ।

सवारी साधनको

सवारी साधनको किसिम :

सवारी दर्ता नं. र दिने कार्यलयः

चेसिस नं. : इन्जिन नं. :

मोडल : बनेको सालः

यात्रु सिट संख्या :

सवारी धनी /कम्पनीको

नाम :

ठेगाना :

कम्पनी भए दर्ता विवरण :

सञ्चालन गर्न माग गरेको रुट :

संलग्न कागजातहरु :

सवारी धनी दर्ता प्रमाणपत्र :

नेपाली नागरिकताको प्रमाण पत्र :

सवारी साधन सम्बन्धी कम्पनिमा दर्ता भएको प्रमाण पत्र :

प्रचलित ऐन कानूनमा व्यवस्था भएका र निर्देशिकामा भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यावसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला ।

आवदेकको नाम :

दस्तखत :

फोन नं. :

# अनुसूची २

**दोर्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,**

**नौथर,लमजुङ**

## इजाजत पत्र नं.

श्री .......................................

तपाईको नाममा दर्ता स्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ । प्रचलिन ऐन कानूनको अधीनमा रही सवारी सञ्चालन गर्नु हुन अनुरोध छ ।

**सवारी साधनको विवरण**

सवारी साधनको किसिम :

सवारी दर्ता नं. र दिने कार्यलय :

यात्रु सिट संख्या :

चेसिस नं. : इन्जिन नं. :

मोडल : बनेको साल :

**सवारी धनीको विवरण**

नाम :

ठेगाना :

**आवद्ध कम्पनीको विवरण :**

नाम :

ढेगाना :

दर्ता नं. र मिति :

दर्ता भएको कार्यालय :

सञ्चालन गर्न अनुमति दिएको रुट :

सञ्चालन गर्न अनुमति दिएको अवधि :

रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको

दस्तखत :

नाम :

पदः

मितिः

## नवीकरण विवरण

| मिति | रसिद नं. | नवीकरण दस्तुर | नवीकरण अवधि | नवीकरण गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले,**
**हेमराज काफ्ले**
**प्रमुख प्रशासकीय अधिकृत**